आज मिति २०८२ साल असार १५ गते आईतबार नमोबुद्ध नगरपालिकाका, नगर कार्यपालिकाको ४९ (उनन्चासौं) बैठक नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको अध्यक्षतामा देहायका उपस्थितमा बसी देहाय बमोजिमको निर्णय गरीयो।

## उपस्थिति

१. नगर प्रमुखः श्रीमान् कुनसाङ लामा

२. नगर उपप्रमुखः श्री रत्न बहादुर लामा

३. वडा अध्यक्ष वडा नं. १ : श्री प्रेम बहादुर तामाङ

४. वडा अध्यक्ष वडा नं. २ : श्री कवि राज श्रेष्ठ

५. वडा अध्यक्ष वडा नं. ३ : श्री रमेश तिवारी

६. वडा अध्यक्ष वडा नं. ४ : श्री अर्जुन बहादुर कार्की

७. वडा अध्यक्ष वडा नं. ५ : श्री सुरे तामाङ

८. वडा अध्यक्ष वडा नं. ६ : श्री टिका बहादुर के.सी.

९. वडा अध्यक्ष वडा नं. ७ : श्री धर्म सिं लामा

१०. वडा अध्यक्ष वडा नं. ८ : श्री शेर बहादुर तामाङ

११. वडा अध्यक्ष वडा नं. ९ : श्री विर बहादुर लामा

१२. वडा अध्यक्ष वडा नं. १० : श्री रामकृष्ण उपाध्याय

१३. वडा अध्यक्ष वडा नं. ११ : श्री कृष्ण बहादुर तामाङ

१४. नगर कार्यपालिका सदस्य : श्री वेली निलम लामा

१५. नगर कार्यपालिका सदस्य : श्री शान्ति तामाङ

१६. नगर कार्यपालिका सदस्य : श्री असली माया मोक्तान

१७. नगर कार्यपालिका सदस्य : श्री गीता श्रेष्ठ

१८. नगर कार्यपालिका सदस्य : श्री बुद्ध कुमारी तामाङ

१९. नगर कार्यपालिका सदस्य : श्री शुसिला परियार

२०. नगर कार्यपालिका सदस्य : श्री सुरेश तोलाङ्गे (सार्की)

२१. नगर कार्यपालिका सदस्य : श्री गोपाल नेपाली

२२. सचिव एवं प्रमुख प्रशासकीय अधिकृतः श्री कृष्ण गिरी

निर्णयार्थ पेश भएका विषयहरु:

१. कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।
२. स्थानीय पाठ्यक्रम स्वीकृत गर्ने सम्बन्धमा।
३. नगरपालिकाको प्रोफाईल स्वीकृत गर्ने सम्बन्धमा।
४. विवरण पठाउने सम्बन्धमा।
५. नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको सातौं अधिवेशन (बजेट अधिवेशन) को दोश्रो बैठकमा पेश गर्ने प्रस्तावहरु सम्बन्धमा।
६. निर्णय अनुमोदनका लागि पेश गर्ने सम्बन्धमा।
७. विविध।

निर्णयहरु:

निर्णय नम्बर १:

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको विभिन्न मितिमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समीक्षा गरियो।

निर्णय नम्बर २:

नमोबुद्ध नगरपालिकाको स्थानीयताका आधारमा राष्ट्रिय पाठ्यक्रम अनुकूलन तथा सामाजिक सांस्कृतिक लगायतका पक्षको सम्बोधन गर्ने उदेश्यले परामर्शदाता श्री ग्लोबल यूटिलिटी रिसर्च यूनिट, बनेपा, काभ्रेपलाञ्चोकले तयार गरेको नमोबुद्ध नगरपालिकाको आधारभूत तहको स्थानीय पाठ्यक्रम कक्षा १-८, नमोबुद्ध सेरोफेरो, २०८२ छलफल गरी परिमार्जन सहित सर्वसम्मत स्वीकृत गरी लागु गर्ने।

निर्णय नम्बर ३:

नमोबुद्ध नगरपालिकाको भौगोलिक, समाजिक, आर्थिक, साँस्कृतिक, संस्थागत लगायत अवस्थाको वस्तुगत विवरण समावेश गरी परामर्शदाता श्री आर. आई. डी. इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि., काठमाडौंले तयार गरेको नमोबुद्ध नगरपालिकाको नगर पार्श्वचित्र (प्रोफाईल), २०८२ छलफल गरी परिमार्जन सहित सर्वसम्मत स्वीकृत गरी लागु गर्ने।

निर्णय नम्बर ४:

नमोबुद्ध नगरपलिकाको विभिन्न वडामा संकलन गरिएको भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको हकमा हाल सम्म NALCIS प्रणालीमा प्रविष्ट भएको निवेदनहरुको सम्बन्धमा नगरपालिका र वडा कार्यालयबाट प्रकाशित ७ (सात) दिने र १५ (पन्ध्र) दिने सूचनामा कुनै पनि दाबी बिरोध नपरेको

भनि वडा स्तरीय सहजीकरण समितिको निर्णय सहित वडा कार्यालयबाट पत्रानुसार सोको अन्य प्रकृया अगाडी बढाउन भूमि समस्या समाधान आयोग, जिल्ला समिति, काभ्रेपलाञ्चोकलाई अनुरोध गर्ने।

| क्र.सं. | वडा | भूमिहिन दलित | भूमिहिन सुकुम्बासी | अव्यवस्थित बसोबासी | कैफियत |
|---|---|---|---|---|---|
| १ | वडा नम्बर ०१ | ३ | ११ | ९ | |
| २ | वडा नम्बर ०२ | १ | ११ | २१५ | |
| ३ | वडा नम्बर ०४ | ५ | १४ | ३३३ | |
| ४ | वडा नम्बर ०५ | ३ | ४ | १७ | |
| ५ | वडा नम्बर ०७ | २ | ८ | ६६ | |
| ६ | वडा नम्बर ०८ | ० | ० | २१ | |
| ७ | वडा नम्बर ०९ | ० | २ | ७ | |
| ८ | वडा नम्बर १० | ० | ८ | ३२ | |
| ९ | वडा नम्बर ११ | ० | २ | ४ | |
| जम्मा | | १४ | ६० | ७०४ | |

**निर्णय नम्बर ५:**

नमोबुद्ध नगरपलिकाको दोश्रो नगर सभाको सातौं अधिवेशन (बजेट अधिवेशन) को मिति २०८२/०३/१६ गते बस्ने दोश्रो बैठकमा पेश गर्ने प्रस्तावहरु:

१. लोकतन्त्र र प्रजातन्त्र प्रासिका लागि जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरु प्रति श्रद्धाञ्जली अर्पण गर्ने।

२. नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूबाट मिति २०८२/०३/०९ गते बसेको नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको सातौं अधिवेशनको पहिलो बैठकमा पेश गर्नु भएको नमोबुद्ध नगरपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम दोश्रो नगर सभाको सातौं अधिवेशन (बजेट अधिवेशन)को दोश्रो बैठकमा छलफल र संशोधन सहित स्वीकृतका लागि पेश गर्ने।

३. प्रमुख प्रशासकीय अधिकृत श्री कृष्ण गिरीज्यूबाट मिति २०८२/०३/०९ गते बसेको नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको सातौं अधिवेशनको पहिलो बैठकमा पेश गर्नु भएको नमोबुद्ध नगरपालिकाको हालसम्मको वित्तीय तथा भौतिक प्रगति विवरण दोश्रो नगर सभाको सातौं अधिवेशन (बजेट अधिवेशन)को दोश्रो बैठकमा छलफल सहित स्वीकृतका लागि पेश गर्ने।

४. सार्वजनिक लेखा समितिका संयोजक तथा वडा अध्यक्ष श्री कृष्ण बहादुर तामाङज्यूबाट मिति २०८२/०३/०९ गते बसेको नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको सातौं अधिवेशनको पहिलो बैठकमा पेश गर्नु भएको नमोबुद्ध नगरपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बनेको आर्थिक विधेयक, २०८२ र सोसँग

सम्बन्धित अनुसूचीहरु दोश्रो नगर सभाको सातौं अधिवेशनको दोश्रो बैठकमा छलफल र संशोधन सहित स्वीकृतका लागि पेश गर्ने।

५. वडा अध्यक्ष श्री विर बहादुर लामाज्यूबाट मिति २०८२/०३/०९ गते बसेको नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको सातौं अधिवेशनको पहिलो बैठकमा पेश गर्नु भएको नमोबुद्ध नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बनेको विनियोजन विधेयक, २०८२ र सोसँग सम्बन्धित अनुसूचीहरु दोश्रो नगर सभाको सातौं अधिवेशनको दोश्रो बैठकमा छलफल र संशोधन सहित स्वीकृतका लागि पेश गर्ने।

६. नगर उप-प्रमुख श्री रत्न बहादुर लामाज्यूबाट मिति २०८२/०३/०९ गते बसेको नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको सातौं अधिवेशनको पहिलो बैठकमा पेश भएको नमोबुद्ध नगरपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ को यथार्थ र आगामी आर्थिक वर्ष २०८२/०८३ को अनुमानित आय व्यय विवरण सहितको वार्षिक विकास योजना (बजेट तथा कार्यक्रम),२०८२ छलफल र संशोधन सहित दोश्रो नगर सभाको सातौं अधिवेशनको दोश्रो बैठकमा स्वीकृतका लागि पेश गर्ने।

७. महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखा परिक्षण भई नमोबुद्ध नगरपालिकालाई प्राप्त भएको प्रतिवेदनलाई आधार मानि सार्वजनिक लेखा समितिले तयार गरेको प्रतिवेदनमा उल्लेख नियमित गर्नुपर्ने बेरुजुलाई नियमानुसार नियमित गरी फछ्यौंट गर्नका लागि सार्वजनिक लेखा समितिका संयोजक तथा वडा अध्यक्ष श्री कृष्ण बहादुर तामाङज्यूहरुबाट सार्वजनिक लेखा समितिको प्रतिवेदन माथि छलफल गरी दोश्रो नगर सभाको सातौं अधिवेशनको दोश्रो बैठकमा स्वीकृतका लागि पेश गर्ने।

८. नमोबुद्ध नगरपालिकाका नगर उप-प्रमुख तथा न्यायिक समितिका संयोजक श्री रत्न बहादुर लामाज्यूबाट मिति २०८२/०३/०९ गते बसेको नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको सातौं अधिवेशनको दोश्रो बैठकमा पेश गर्नु भएको न्यायिक समितिको प्रतिवेदन दोश्रो नगर सभाको सातौं अधिवेशनको दोश्रो बैठकमा स्वीकृतका लागि पेश गर्ने।

९. नमोबुद्ध नगरपालिकाको मिति २०८१/१०/३० गते बसेको नगर कार्यपालिका बैठकको निर्णयानुसार प्रमुख प्रशासकीय अधिकृतज्यूको संयोजकत्वमा गठन भएको संगठन संचरना तथा व्यवस्थापन सर्भे (O&M) प्रतिवेदन तयारी समितिले तयार गरेको प्रतिवेदन माथि छलफल र संशोधन सहित दोश्रो नगर सभाको सातौं अधिवेशनको दोश्रो बैठकमा स्वीकृतका लागि पेश गर्ने।

१०. नमोबुद्ध नगरपालिका, नगर कार्यपालिकाको मिति २०८१ पौष २२ गते देखि २०८२ असार १६ गते सम्मको बैठकबाट भएका निर्णयहरु, न्यायिक समितिका निर्णयहरु, अनुगमन समितिको प्रतिवेदन, नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा शाखा प्रमुखहरुबाट भएको

आदेश तथा निर्णयहरु एवं आर्थिक तथा प्रशासनिक निर्णयहरु अनुमोदनको लागि दोश्रो नगर सभाको सातौं अधिवेशनको दोश्रो बैठकमा पेश गर्ने।

११. दोश्रो नगर सभाको सातौं अधिवेशनबाट स्वीकृत आर्थिक वर्ष २०८२/०८३ को प्रस्तावित वार्षिक नगर विकास योजना (नीति, कार्यक्रम तथा बजेट) कार्यान्वयन गर्ने गराउने अधिकार नगर कार्यपालिकालाई प्रदान गर्न दोश्रो नगर सभाको सातौं अधिवेशनको दोश्रो बैठकमा पेश गर्ने।

१२. नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ बाट अ.ल्या. भई चालु आर्थिक वर्ष २०८१/०८२ मा खर्च भएका र आर्थिक वर्ष २०८१/०८२ मा नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त भएको विभिन्न शीर्षक तथा गत आर्थिक वर्षबाट अ.ल्या. भई आएका शिर्षकहरुमा २०८२ असार मसान्त सम्म खर्च भएको खर्चको फाँटबारी अनुसारका खर्च तथा खर्च प्रकृया र आर्थिक प्रगति विवरण अनुमोदनका लागि दोश्रो नगर सभाको सातौं अधिवेशनको दोश्रो बैठकमा पेश गर्ने।

१३. चालु आर्थिक वर्ष २०८१/०८२ को लागि विविध कारणले अनुमान गरे अनुसारको आर्थिक लक्ष्य प्राप्त गर्न र संघीय सरकार तथा बागमती प्रदेश सरकारबाट अनुमानित वित्तीय हस्तान्तरण र राजश्व बाँडफाँडको रकम साथै नगरपालिकाबाट अनुमानित रहेको आन्तरिक श्रोत, मालपोत रजिष्ट्रेशन लगायतका श्रोतहरुको रकम प्राप्त हुन नसेकेका कारणले चालु आर्थिक वर्ष २०८१/०८२ मा सम्झौता भई कार्यदेश भएका र कार्यान्वयन भएका तर भुक्तानी हुन बाँकि रहन जाने नगरस्तरीय तथा वडास्तरीय आयोजना/कार्यक्रमहरुको सम्बन्धमा बजेट सहित योजना शिर्षक आ.ल्या गरी यस आर्थिक वर्षमा खर्च नभई मौज्दात रहने रकम र आर्थिक वर्ष २०८२/०८३ को लागि विनियोजन भएको अ.ल्या योजना भुक्तानी शिर्षकबाट व्यहोरिने गरी भुक्तानी गर्नका लागि दोश्रो नगर सभाको सातौं अधिवेशनको दोश्रो बैठकमा पेश गर्ने।

१४. दोश्रो नगर सभाको दोश्रो अधिवेशनबाट आर्थिक वर्ष २०८१/०८२ को लागि स्वीकृत वार्षिक नगर विकास योजना (नीति, कार्यक्रम तथा बजेट) मा विनियोजन भएका योजना, कार्यक्रम तथा बजेट शिर्षकमा भएका संशोधनहरु अनुमोदनका लागि दोश्रो नगर सभाको सातौं अधिवेशनको दोश्रो बैठकमा पेश गर्ने।

१५. नगर सभाबाट निर्णय गर्नुपर्ने विषय तर तत्कालै निर्णय गरी निकास लिनुपर्ने अवस्था भएमा र तत्काल नगर सभाको बैठक नबसेको वा बस्न नसक्ने अवस्थामा समेत नगर प्रमुखज्यूको समन्वयमा कार्यपालिकाबाट निर्णय गरी कार्यान्वयन गर्ने र यसरी निर्णय गरिएका सम्पूर्ण विषय अनुमोदनको लागि तत्पश्चात बस्ने नगर सभाबाट अनुमोदन गर्ने गरी अधिकार प्रत्यायोजन गर्नका लागि दोश्रो नगर सभाको सातौं अधिवेशनको दोश्रो बैठकमा पेश गर्ने।

१६. महालेखा परीक्षकको कार्यालयबाट नमोबुद्ध नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अन्तिम लेखा परिक्षण भई प्रारम्भिक प्रतिवेदन प्राप्त भई सोको प्रतिक्रिया पठाई अन्तिम प्रतिवेदन समेत प्राप्त भएकोले उक्त प्रतिवेदन उपर छलफल हुँदा प्रतिवेदनमा उल्लेख भई आएका सुझावहरु

कार्यान्वयन गर्ने गरी प्राप्त अन्तिम लेखा परिक्षण प्रतिवेदन र जिन्सी निरीक्षण प्रतिवेदन स्वीकृतका लागि दोश्रो नगर सभाको सातौं अधिवेशनको दोश्रो बैठकमा पेश गर्ने।

१७. आगामी आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति, बजेट तथा कार्यक्रममा कुनै पनि शिर्षकहरुमा रहेको एकमुष्ट बजेट तथा यस आर्थिक वर्ष भित्र कुनै प्रकारको एकमुष्ट बजेट प्राप्त भएमा वा कुनै निकायबाट त्यस्तो बजेट तथा कार्यक्रम प्राप्त भएमा त्यो बजेट बाँडफाँड तथा योजना छनोट गर्ने अधिकार नगर प्रमुखलाई प्रत्यायोजन गर्नका लागि दोश्रो नगर सभाको सातौं अधिवेशनको दोश्रो बैठकमा पेश गर्ने।

१८. दोश्रो नगर सभाको पाँचौं अधिवेशनबाट आर्थिक वर्ष २०८१/०८२ को लागि स्वीकृत वार्षिक नगर विकास योजना (नीति, कार्यक्रम तथा बजेट)मा एकमुष्ट रहेको बजेट, नगरस्तरीय विभिन्न योजना संचालन लगायतका शिर्षकमा रहेको बजेट, कुनै पनि शिर्षकहरुमा रहेको एकमुष्ट बजेट तथा यस आर्थिक वर्ष २०८१/०८२ मा विभिन्न शिर्षकमा प्राप्त भएको एकमुष्ट बजेट वा कुनै निकायबाट प्राप्त भएको बजेट तथा कार्यक्रममा विनियोजन भएको रकमबाट संचालित विभिन्न नगरस्तरीय तथा वडास्तरीय योजनाहरु अनुमोदनका लागि प्राप्त भएमा त्यो बजेट बाँडफाँडमा विनियोजन भएका योजना, कार्यक्रम तथा बजेट शिर्षकमा भएका संशोधनहरु अनुमोदनका लागि दोश्रो नगर सभाको सातौं अधिवेशनको दोश्रो बैठकमा पेश गर्ने।

१९. नमोबुद्ध नगरपालिकाको आर्थिक प्रशासन शाखाबाट पेश भई आएको आर्थिक वर्ष २०८१/०८२ र २०८२/०८३ को बागमती प्रदेश सरकारबाट स्वीकृत जनप्रतिनिधिहरुको सेवा तथा सुविधा तथा हाल कार्यरत सम्पूर्ण सेवाका कर्मचारीहरुको तलवी प्रतिवेदन स्वीकृत गर्नका लागि दोश्रो नगर सभाको सातौं अधिवेशनको दोश्रो बैठकमा पेश गर्ने।

२०. नगर कार्यपालिका बैठकबाट पेश हुने विशेष तथा विविध निर्णयहरु अनुमोदनको लागि वडा अध्यक्ष श्री धर्म सिं लामाज्यूबाट दोश्रो नगर सभाको सातौं अधिवेशनको दोश्रो बैठकमा छलफल सहित अनुमोदनका लागि पेश गर्ने।

२१. नमोबुद्ध नगरपालिकाको दोश्रो नगरसभाको सातौं अधिवेशन सम्पन्न गर्ने क्रममा योजना तर्जुमाका विभिन्न चरणमा सहयोग पुर्याउनु हुने यस नगरका निर्वाचित सबै जनप्रतिनिधिहरु, नगर सभा सदस्य, कार्यपालिका सदस्य, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारी, संघीय सरकार, बागमती प्रदेश सरकार, प्रतिनिधि सभा सदस्य, बागमती प्रदेश सभा सदस्य, राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिहरु, उद्योगी व्यवसायीहरु, प्राज्ञिक व्यक्तित्वहरु, नागरिक समाजका प्रतिनिधिहरु, विभिन्न संघ संस्थाका प्रतिनिधिहरु, संचारकर्मी लगायत सम्पूर्ण शुभेच्छुक महानुभावहरु तथा सम्पूर्ण नगरवासी दाजुभाई तथा दिदी बहिनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्नका लागि दोश्रो नगर सभाको सातौं अधिवेशनको दोश्रो बैठकमा पेश गर्ने।

निर्णय नम्बर ६:

माथि उल्लेखित निर्णय नम्बर ०५ का प्रस्तावहरु स्वीकृत गरी दोश्रो नगर सभाको–सातौं अधिवेशनको दोश्रो बैठकमा अनुमोदनका लागि पेश गर्ने।